भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
फुङ्रेटार तनहुँ

भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फुङ्रेटार, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

**भानु नगरपालिकाक्षेत्रधिकार भित्रको नदिजन्य पदार्थ (ढुंगा, गिटि, बालुवा आदी) उत्खनन् तथा विक्री सम्बन्धी योग्य**
**शिलबन्दी बोलपत्र आव्हानको सुचना**
(प्रथम पटक प्रकाशित मिति २०७६ /०७/०४)

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एवं भानु नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम आ.व.२०७६/०७७ को लागी यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी भानु नगरपालिका क्षेत्र अन्र्तगत पर्ने देहायका शीर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नूपर्ने भएकोले यस सम्वन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७५/०७६ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रितपुर्वकको E-biddingमार्फतबोलपत्र आव्हान गरिएको छ ।

**नदिजन्य पदार्थ संकलन, विक्री तथा उत्खनन् कर:**

| ठेक्का नं. | विवरण | न्यूनतम अंक (कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| Bhanu/Ghat/01/2076/077 | चुँदीदोभान घाट, भानु १ | ३,००,०००/०० | १५००/- (एक हजार पाच सय) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Ghat/02/2076/077 | बालुवाघाट, भानु १ | ४०,००,०००/०० | ३०००/- (तीन हजार रुपैया) | कबोल अंङ्को ५ प्रतिशत | ३० दिन भित्र |
| Bhanu/Ghat/03/2076/077 | अँधेरीघाट, भानु -१ | ७,०५,०००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Ghat/04/2076/077 | आम्वोटेघाट, भानु -२ | ३,००,००० /०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Ghat/05/2076/077 | जयबुद्द घाट, भानु -३ | ४०,००,०००/०० | ३०००/- (तीन हजार रुपैया) | कबोल अंङ्को ५ प्रतिशत | ३० दिन भित्र |
| Bhanu/Ghat/06/2076/077 | कुर्कुना घाट, भानु -३ | ७५,५००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Ghat/07/2076/077 | डुकुर्दी घाट, भानु -३ | ३,००,५००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Ghat/08/2076/077 | चाम्वास घाट, भानु -३ | ८,१२,०००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Ghat/9/2076/077 | वलिफाट घाट, भानु -८ | १४,०५,०००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Ghat/10/2076/077 | लखु ढुंगा घाट, भानु ९ र १० | २,००,०००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Ghat/11/2076/077 | वेनीवगर घाट, भानु -९ | ८,६०,०००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्को ५ प्रतिशत | १५ दिन भित्र |

सुनिल पाण्डे
अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| Bhanu/Ghat/12/2076/077 | पाताल घाट, भानु ९ | ३,००,०००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्कको ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Ghat/13/2076/077 | रयाले घाट, भानु १० | ७,००,०००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्कको ५ प्रतिशत | १५ दिन भित्र |
| Bhanu/Tax/14/2076/077 | स्थानीय उत्पादन शुल्क तथा पटके व्यवसाय कर | १२,००,०००/०० | १५००/- (एक हजार पाच सय रुपैया ) | कबोल अंङ्कको ५ प्रतिशत | १५ दिन भित्र |

- नदिजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा आदी) को दर प्रति क्यू.फिट (कर बाहेक) रु ४।००-(चार)

१. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ठेक्का नं Bhanu/Ghat/02/2076/77 र Bhanu/Ghat/05/2076/77 को लागि मात्र३० औं दिन(२०७६/०८/०३ गते)र अन्यको लागि १५ औ दिन (२०७६/०७/१८ गते) स PPMO's को website http://www.bolpatra.gov.np/egp बाटDownload गर्न सकिनेछ ।

२. बोलपत्र फाराम दस्तुर वापतको रकम यस कार्यालयको ग्लोबल आई एम ई बैंक लि., डुम्रे शाखामा रहेको राजश्व शिर्षक अन्तर्गत C२०४०१००००००१मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Uploadगर्नुपर्नेछ ।

३ बोलपत्र फारामहरु यस कार्यालयबाट खरिद भएका बोलपत्र फारामहरु भरी सिलवन्दी गरी ठेक्का नं Bhanu/Ghat/02/2076/77 र Bhanu/Ghat/05/2076/77 को लागि मात्र३१ औं दिन(२०७६/०८/०४ गते)र अन्यको लागि १६ औ दिन (२०७६/०७/१९ गते) दिनको १२.०० बजे सम्म PPMO'sको website http://www. bolpatra.gov.np/egpमा सबै कागजातहरु (नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त, व्यक्ति, फर्म वा कम्पनी नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७५/०७६को कर चूक्ताको प्रमाणित प्रतिलिपी) Scanगरी PDF formatमा बोलपत्र पेश गर्नू पर्नेछ ।नियमानूसार दर्ता हून आएका बोलपत्रहरु सोही दिनको २.०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु समेतको रोहवरमा खोलिनेछ । बोलपत्रदाताहरु उपस्थिति नभएमा पनि बोलपत्र खोल्न कूनै वाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने र खोल्ने दिन विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

४. वोलपत्रदाताले E-Bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-Bid दर्ता भएको नदेखिएमा वा Uploadगरिएका फाइल Unreadable FormateवाCorruptted भएमा मुल्याङ्कनमा समाबेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण पत्र तथा आर्थिक वर्ष ०७५/०७६को कर चुक्ताको नोटरी प्रमाणित प्रतिलिपि र अन्य आवश्यक सम्पुर्ण कागजात पेश गर्नुपर्नेछ ।

६. वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको ग्लोबल बैंक लि., डुम्रे शाखामा रहेको धरौटि खाता नं C२०४०१००००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन सम्म म्याद भएको रित्तपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवुल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

८. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. शिलवन्दी बोलपत्र फारम पेश गर्दा पालना गर्नुपर्ने अन्य सर्तहरु बोलपत्र फारामको अनुसुचिमा समावेश गरिएको छ ।

१०. नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा प्रारम्भिक वातावणीय परीक्षण प्रतिवेदनलाई पालना गर्नु पर्नेछ ।

११. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ९८५६००५१११ सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

(वोलपत्र सम्बन्धी सम्पूर्ण जानकारी भानु नगरपालिकाको वेवसाईट www.bhanumun.gov.npमा राखिएको छ | )

सुनिल पाण्डे
प्रशासकीय अधिकृत

बोलपत्र सम्बन्धी शर्तहरु :

१. यस पुर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको ठेकेदारबाट पेश भएको बोलपत्रलाई मान्यता दिइने छैन, तर बोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्नेछैन ।

२. बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७७ श्रावण मसान्त सम्म म्याद भएको रितपुर्वकको बैंक जामानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।

३. स्वीकृत ठेक्का अंङ्कलाई ३ (तिन) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०%, दोस्रो किस्ता २५% र तेस्रो किस्ता २५% मध्ये पहिलो किस्ता ५०% सम्भौताको बखत दाखिला गरि बांकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकवाट २०७७ श्रावण मसान्त सम्म मान्य हूने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । ५०% प्रतिशत रकमको किस्ता सम्झौता समय भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।

४. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.कर (VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

५. स्वीकृत ठेक्का अंङ्कको पुरै रकम सम्झौताका बखत एकमुष्ट बुझाउन चाहेमा औचित्य हेरी बढिमा ५ प्रतिशत सम्म छुट दिन सकिनेछ ।

६. कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रित नपुगेको बोलपत्र माथी कुनै कारवाही गरिने छैन ।

७. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. भानु नगरपालिका भित्रको व्यक्तिगत तथा निषेधित क्षेत्रवाहेकका मस्याङदी नदी दायांबाया किनारको ढुङ्गा, गिटी, वालुवा जस्ता नदिजन्य पदार्थ उपयोग तथा बिक्री कर तोकिएको डिपोबाट अशूल गर्नूपर्ने छ, तर नदीनालाको पुल (पक्की/ झोलुङ्गे) तल माथी दुबैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उठाउन पाइने छैन । त्यसैगरी व्यक्तिको निजी स्वामित्वमा रहेको तथा हाल भोगचलनमा रहेको जग्गावाट कम्तीमा २५ मिटरसम्म प्राकृतिक स्रोत साधन उठाउन पाइने छैन ।

९. प्राकृतिक साधन उपयोग तथा बिक्री कर अशुल गर्दा प्रथम पक्षले तोकिदिएको दररेटमा मात्र कर अशुली गर्नु पर्नेछ ।

१०. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागी कार्यलयको स्वीकृत विना लोडर, डोजर, एक्साभेटर, जे.सि.वि. र ६ टायर भएका भन्दा ठुला हेभी उपकरण प्रयोग गर्न पाईने छैन ।

११. ढुंगा, गिटी, बालूवा, दहत्तर बहत्तरको उत्खनन् तथा संकलन कार्य सूर्यास्त देखि सूर्योदय नहूदासम्म गर्न पाईने छैन ।

१२. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो सार्वजनिक मैदानमा कार्यलयद्वारा तोकिएको एउटै बाटो प्रयोग गर्नु पर्ने तथा निकासीका लागि प्रयोग गरिएको बाटो न.पा. कार्यालयको निर्देशनमा बोलपत्रदाताले मर्मत सूधार गर्नुपर्ने छ ।

१३. स्थानीयस्तरका प्रत्यक्ष प्रभावित क्षेत्रमा उपभोक्ता समितिद्वारा संचालन हुने सार्वजनिक विकास निर्माण आयोजनका लागी प्राकृतिक स्रोत साधनको मुल्य प्राविधिक स्टिमेटमा घटाईएको भए यस कार्यालयको सिफारिसमा निशुल्क उपलब्ध गराउनू पर्नेछ ।

१४. प्राकृतिक स्रोत साधन उपयोग तथा बिक्रीकर संकलन गर्ने प्रयोजनका लागी न.पा. कार्यालयले आवश्यकता अनूसार डिपो निर्धारण गर्न सक्नेछ ।

१५. पानीले भिजेको र पानी चूहाएर ढूंगा, गिटी, वालूवा, दहत्तर, बहत्तर बोकेर ढूवानी साधन पक्की सडकमा गूडाउन पाइने छैन ।

१६. ढूवानी साधनले भार वहन क्षमता भन्दा वढी तौल राखी वा न्यून बिलकारी ढूवानीका साधन सडकमा गूडाउन र नछोपी खूल्ला रूपले ढूवानी गर्न पाईने छैन ।

१७. नेपाल सरकारको मौजुदा कानुनी व्यवस्था अनुसार आषाढ, श्रावण, भाद्र १५ गते सम्म (२ महिना १५ दिन) नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न नपाईने व्यवस्था भएकाले सो को पुर्णरूपले पालना गर्नू पर्नेछ ।

१८. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदि किनारा वा सार्वजनिक चौरमा घाटगद्धी गर्न पाईने छैन, त्यसका लागि बोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नू पर्नेछ ।

सुशीला पाण्डे
बरिष्ठ अधिकृत

१९. कुनै पनि बन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन । नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा ढूवानी गर्दा कुनै विवाद उत्पन्न भएमा वोपत्रदाता स्वयंले व्यवस्थापन गर्नु पर्नेछ ।

२०. माथि उल्लेखित सर्तहरू उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बाकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशुल उपर गर्ने गरी कानुनी प्रकृया अपनाईने छ साथै अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

२१. बिस्तृत् जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ९८५६००५१११ सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

सुशील पाण्डे
बरिष्ठ अधिकृत